**कोरोना भाइरससम्बन्धी प्रदेश २ अवस्था**
**धनुषा । ०७७ वैशाख २२ गते**

प्रदेश २ मा हालसम्म ७ हजार ६ सय ८३ जनाको कोरोना परीक्षण भएको छ । वैशाख २२ गतेसम्म आरडिटि तर्फ ५ हजार २ सय ५० जनाको नमुना परीक्षण भएको छ । त्यस्तै पिसिआर विधिबाट २ हजार ४ सय ३३ जनाको परिक्षण भएको छ । प्रदेश सारकारले निर्माण गरेका क्वारेन्टाइनमा बस्नेको सङ्ख्य वैशाख २२ गतेसम्म १ हजार २ सय ८७ जना पुगेको छ । आइसोलेशनमा ३१ जना बसेका छन् भने होम क्वारेन्टाइनमा ४ हजार ४ सय २९ जना बसिरहेको सामाजिक विकास मन्त्रालय प्रदेश २ ले जनाएको छ ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार लकडाउनको समयमा नेपाल-भारत सीमाको बोदे बर्साइन नपा-९ देउरीमा खटिएका सशस्त्र असई ४० वर्षीय कुलबहादुर कार्कीको वैशाख २२ गते मृत्यु भएको छ ।

भारतसँग सीमा जोडिएको क्षेत्रमा खटिएकै बेला अचानक बेहोस भएर ढलेका कार्कीलाई तत्कालै उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल पुऱ्याएकोमा चिकित्सकले मृत घोषणा गरेको सशस्त्र डिएसपी राजु दाहालले बताउनु भयो । शवको अस्पतालमा पोष्टमार्टम पश्चात दाह संस्कारका लागि परिवारका सदस्यहरूले झापाको चन्द्रगढी लगेका छन् ।

त्यसै गरी, वैशाख २२ गते राजविराजमा बसेको जिल्ला सुरक्षा समितिको वैठकले राजविराजस्थित साइकृष्ण कलेज एण्ड हस्पिटल प्रा.लि.लाई प्रदेश स्तरको क्वारेन्टाइन बनाउन सकिने प्रस्ताव गरेको छ ।

स्वास्थ्य र सुरक्षाका कुनै पनि मापदण्डहरू पूरा नगरी लकडाउन र नेपाल-भारत सीमानाका बन्द रहेका बेला सयौंको सङ्ख्यामा भारतीय र अन्यत्र जिल्लाका मजदुरहरू आएर हनुमाननगर कंकालिनी नपा-१२ स्थित कोशी बाँधमा स्पर मर्मतको काम गरेको भन्दै स्थानीय बासिन्दा विरोधमा उत्रिएका छन् । कोरोनाको भयले हिँड्-डुल समेत बन्द गरिएका बेला बाँधको स्पर मर्मत सम्भारका लागि भारतीय मजदुरहरू ल्याएर कोरोना भित्राएको आरोप लगाउँदै स्थानीय कदमलाल मुखियाले कोरोना सङ्क्रमण नियन्त्रण तथा रोकथामका लागि थप कडाई गर्नु पर्नेमा सामान्य सतर्कता समेत नअपनाएको बताउनु भयो ।

त्यसै गरी, सप्तकोसी नपा-१ मा नगरपालिकाको निर्णय र टेन्डर स्वीकृत भएको सोना मन्सुली चामलको साटो कम गुणस्तरको कान्छी मन्सुली (मोटा) चामल वितरण भएको भन्दै वडा सदस्यले नै असहमति जनाए पछि तीन टोलले चामल फिर्ता गरेको छ । सोना मन्सुली चामल आउन चार/पाँच दिन लाग्ने भएपछि जोखिममा परेका कतिपयले कान्छी मन्सुली नै लिएका छन् । दोश्रो चरणको राहत वितरण गरिरहेको नगरपालिकाले कुल १३ हजार जनालाई सात किलोको दरले सोना मन्सुली चामल वितरण गर्ने निर्णय गरेको थियो । वडा नम्बर १ मा कुल ४ सय १४ घरधुरीका १ हजार ४ सय ९२ जनालाई राहत वितरण भईरहेको छ । वडा अध्यक्ष नारायण आचार्यले सोना मन्सुली चामल अभाव भएपछि स्थानीयको सहमतिअनुसार नै मिलमा भएको कान्छी मन्सुली चामल वितरण गरिएको र वितरण भएकै चामलको बिल भुक्तानी हुने बताउनु भयो ।

हनुमाननगर कंकालिनी नपा-१ मा राहत वितरण गर्नु पूर्व फारम शुल्क भन्दै १० रूपैयाँका दरले रकम असुल गरिएको भन्दै वडावासीले जिल्ला प्रशासन कार्यालय सप्तरीमा गुनासो गरेपछि जनप्रतिनिधिले आफूहरूको जानकारीमा नभएको र जानकारी पाएलगत्तै त्यस्तो कार्य रोकेका' बताए ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार मिर्चैया नपा-७ स्थित वडा कार्यालयको प्राङ्गणमा वैशाख २२ गते राहत वितरणमा विवाद हुँदा चार सेल अश्रु ग्यास र नौ राउण्ड हवाइ फायर भएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डिएसपी बिनोद घिमिरेले बताउनु भयो ।
वडा अध्यक्ष्यको उपस्थितिमा सोही वडाका अति विपन्न १ सय ३४ घरधुरीलाई राहत स्वरूप चामल १२ केजी, दाल एक केजी, नुन एक केजी, सोयाबिन ५ सय ग्राम, खाने तेल आधा लिटर वितरण भई रहेको अवस्थामा सोही ठाउँका असन्तुष्ट स्थानिहरू आएर हाम्रो नाम राहतमा छुटेकोले समावेस गरी हामीलाई पनि राहत दिनु पर्छ भन्ने विषयमा विवाद हुँदा असन्तुष्ट पक्षहरूले ढुङ्गा मुडा गर्न थाले पछि भिड नियन्त्रणमा लिन प्रहरीले अश्रु ग्यास र हवाई फायर गर्नु परेको डिएसपी घिमिरेले बताउनु भयो ।
स्थानियहरूले प्रहरी टोली माथी ढुङ्गा मुडा गर्दा ईलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी सन्तुलाल जैसवार, सई बिरेन्द्र मण्डल, हबल्दार सरस्वती चौधरी, प्रहरी जवानहरू.मोनिका अधिकारी, सबित्रा कुमाल समेत सामान्य घाईते भएको र उहाँहरूको स्थानीय स्वास्थ्य चौकीमा सामान्य उपचार पछि कार्यालयमा फर्केको घिमिरेले बताउनु भयो ।
त्यसै गरी, नवराजपुर गाउँपालिकाले गरीब, दलित तथा विपन्न परिवारहरूको लागि वैशाख २२ गते सम्म पाँच ओटै वडामा राहत वितरण गरेको छ ।
नवराजपुर गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत अमरेन्द्र यादवले गाउँपालिकाको १ करोड ४० लाख र प्रदेश सरकारको १० लाख गरी १ करोड ५० लाखको राहत कोष खडा गरेको बताउनु भयो । पाँच ओटै वडामा अति विपन्न दलित परिवारहरु १ हजार ९२ जनालाई चामल, दाल, नुन, तेल, साबुन लगायतको सामग्री वितरण गरेको बताउनु भयो ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साह**का अनुसार चक्रघट्टा गाउँपालिका-५ स्थित पडरियाका दलित समुदाय आन्दोलित बनेका छन् ।
आफूहरूको भाग काटेर धनीलाई राहत वितरण गरिएको भन्दै पडरियाका अतिविपन्न गरिब दलित परिवारहरूले राहत माग्दै आज जिल्ला प्रशासन कार्यालय मलंगवा आएका छन् ।
चकघटा गाउँपालिका-५ स्थित पडरियाका वडा अध्यक्षले राहत पाउने सूचीमा आफूहरूको नाम समावेश नगरेको र आफ्नो भागको राहत धनीलाई दिएपछि न्याय पाउन साथै लाखौं रुपियाँ ब्याजमा लगानी गर्नेलाई राहत दिएको भन्दै धर्ना दिन जिल्ला प्रशासन कार्यालय मलंगवामा आएको वडाका रामकैलाश रामले बताउनु भएको छ । ४० घर दलित रहेको यस क्षेत्रमा कसैलाई पनि राहत दिइएको छैन, खानाको अभावमा भोकै बसेकालाई राहत नदिई हुनेखानेलाई दिएपछि बाध्य भएर आफूहरू जिल्ला प्रशासन कार्यालयमा न्यायका लागि गुहार माग्न गरिब दलितहरू आएको रामकैलाश रामले बताउनु भएको छ ।
३० किलो चामल, दुई किलो दाल, दुई किलो चिनी, दुई लिटर खाने तेल वितरण गर्छौं भनेर सूची बनाएर आएको त्यस पश्चात सबैको लागि राहत आएको भन्दै धनी वर्गलाई मात्र राहत दिएको रामले आरोप लगाउनु भएको छ ।
हावाहुरीले घर ढलेको र घरमा खानको लागि नभएको बताउँदै घाम पानीबाट कसरी बच्ने त्यो पनि चिन्ता भएको संभ्भदेवी रामले बताउनु भयो । उहाँका अनुसार चार छोरी र श्रीमान् लगायत ६ जना परिवारमा रहेको तर कमाउने श्रीमान् मात्र, लकडाउनले महिना दिनदेखि पिरोलेको बताउनु हुँदै कसरी

गुजारा गर्ने राहतको चामल दाल पनि पाएका छैनौं तर हामीहरूको भाग काटेर सयौं क्वीन्टल धान भकारीमा राखेकाहरूले राहत पाएको बताउनु भएको छ ।
समयमा राहत लिन नआएका आन्दोलित बनेका परिवारको राहत वडा कार्यालयमा रहेको र केही व्यक्तिहरूको उक्साहटमा उनीहरू आन्दोलन गर्न पुगेका चक्रघटा गाउँपालिका-५ का वडा अध्यक्ष नागेन्द्र प्रसाद साहले जानकारी दिनु भएको छ । उनीहरूका लागि १५ किलो चामल, एक किलो दाल, एक किलो नुन र एक लिटर तेल, १० दिन देखि वडा कार्यालयमा राखिएको वडा अध्यक्ष साहले बताउनु भएको छ ।
वडाबाट आएको विवरण अनुसार गाउँपालिकाबाट राहत दिइएको र कोही पनि विपन्न परिवार नछुटोस् भनेर राहत १२ दिन पहिले नै आफूले पठाएको र राहत नपाएका घटनालाई चाँडै राहत दिने गरि चक्रघटा गाउँपालिकाका अध्यक्ष विक्रम राय यादवले जानकारी दिनु भएको छ । जसमा ४ हजार ४ सय घरधुरीलाई राहत वितरण गरिएको गाउँपालिका अध्यक्ष यादवले जानकारी दिनु भएको छ ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार लकडाउनको अवस्थामा महोत्तरीको सीमा क्षेत्र भएर भारत तर्फ जान लागेको अवस्थामा वैशाख २२ गते ११ जना भारतीय पक्राउ परेका छन् ।
जिल्लाको मनरासिस्वा नगरपालिका-९ बथनाहा गाउँ हुँदै नेपालबाट भारत जान खोजेका ११ भारतीयलाई नेपाल प्रहरी र सशस्त्र प्रहरीको सहयोगमा पक्राउ गरिएको वडाध्यक्ष बलिराम रायले बताउनु भयो ।
हातहातमा झोला बोकेका सबैजना लहरै नेपालबाट भारत जाँदै गरेको अवस्थामा उनीहरूलाई प्रहरीको सहयोग लिएर पक्राउ गर्न सफल भएको वडाध्यक्ष रायले बताउनु भयो । पक्राउ परेका उनीहरूले भारतको पश्चिम बङ्गाल राज्यको कोलकाता घर भएको बताएका छन् ।
उनीहरूले महोत्तरीको एकडारा गाउँपालिका-५ कोल्हुवा बगेया गाउँमा लामो समयदेखि जस्तापाताका भाँडाकुँडा र ड्रम बनाउने काम गर्दै आएको बताएका छन् ।
लकडाउनको अवधि लामो हुँदै गएपछि खानपिनमा समस्या भएको भन्दै उनीहरू लुकेर आज मिर्मिरे बिहानी मै घर जाने उद्देश्यले भारत तर्फ जाँदै गरेको अवस्थामा सीमानाका मै पक्राउ परेका हुन् ।
पक्राउ परेका उनीहरूलाई अहिले नेपाल प्रहरीले प्रहरीचौकी कट्टिकटैयामा लगेको छ । उनीहरूलाई नगरपालिकाका प्रमुख, सुरक्षा निकाय र प्रशासनसँग समन्वय गरी क्वारेन्टाइनमा राख्ने वा कहाँ के गर्ने बारे तय गरिने वडाध्यक्ष रायले बताउनु भयो ।
त्यसै गरी, विश्वव्यापी कोरोना महामारीको समयमा महोत्तरीको भंगहा र वर्दिवास नगरपालिकामा १२ जनाको मृत्युले त्रसित भएका स्थानियहरू आज देखि अलि ढुक्क हुने स्थिती पैदा भएको छ । लगातार १२ जना व्यक्तिको मृत्युले सारा गाँउ नै शोकमय बनेको थियो ।
कोरोनाले ज्यान गएको आशङ्कामा उनीहरूको कोरोना परीक्षण गरिए पछि रिपोर्ट नेगेटिभ आएको हो । भंगहा नगरपालिकामा वैशाख २२ गते मृत्युको कारण बारे जानकारी दिने उद्देश्यले आयोजित पत्रकार सम्मेलनमा महोत्तरी जनस्वास्थ्य कार्यालका कोरोना फोकल पर्सन गिरेन्द्र झाले उनीहरूको कोरोना टेष्ट नतिजा कोरोना नेगेटिभ देखीएको जानकारी दिनुभयो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दिपेन्द्रप्रसाद सिंह**का अनुसार जनकपुरधाम उमनपा-१४ मा राहत माग्दै नाराबाजी गर्ने स्थानीयमाथि वडाध्यक्ष पुण्यप्रताप यादवका भाईलगायतका अन्य व्यक्तिहरूले वैशाख २१ गते मुजेलियामा १२ जनालाइ निर्घात रूपमा कुटपीट गरेका छन् ।

राहत सामग्रीको माग गर्दै नारावाजी गर्ने स्थानीय ४० वर्षीय दिपक पटेल, ३५ वर्षीय उदय यादव, ३० वर्षीया गायत्री महतो, ३० वर्षीया राजकुमारी भगत, ३५ वर्षीया माधुरी यादव, ४० वर्षीय रामकुमार चौधरी, ३४ वर्षीया रिनादेवी यादव, ५० वर्षीय देवेन्द्र महतो,३७ वर्षीय  रामकुमार चौधरी, ४५ वर्षीय रामसुखित यादव, ४३ वर्षीय उपेन्द्रकुमार साह, २५ वर्षीय पप्पु झा लगायतकालाई गम्भीर चोट लागेको छ ।
जनकपुरधाम उमनपा-१४ का वडाध्यक्ष पुण्यप्रताप यादवको निर्देशनमा उहाँका भाई दिलिपकुमार यादव, इन्द्रजित यादव, दिपक यादव र अन्य सहयोगीहरू सुनिल यादव, राघवेन्द्र राउत, रूपलाल राउत, अरूण यादव लगायतका व्यक्तिहरूले महिला पुरूष सबैलाई निर्घात कुटपिट गरेको स्थानीय दिपक पटेलले आरोप लगाउनु भयो ।
वड़ाध्यक्ष यादवले विपन्न र गरिबलाई राहत नदिएर आफ्ना कार्यकर्तालाइ मात्रै राहत सामग्री बाँडेकाले गर्दा स्थानीयले विरोध जनाउँदा कुटपिट गरिनु घोर आपत्तिजनक कार्य भएको स्थानिय सामाजिक अभियन्ता विवेक यादवले बताउनु भयो ।
त्यसै गरी, बजार अनुगमन समिति धनुषाले बढी मुल्य लिएर सिमेन्ट विक्री गरेको आरोपमा दुई जनालाइ गिरफ्तार गरि जिल्ला प्रहरी कार्यालय धनुषाको जिम्मा लगाएको छ । जनकपुरधाम उमनपा-११ बस्ने ४८ वर्षीय रामप्रताप साहलाई वैशाख २१ गते नियन्त्रणमा लिएको छ । बजार मुल्यभन्दा २ सय रुपियाँ प्रती बोरामा बढी रकम लिएको आरोपमा आनन्द इन्टरप्राइजेज हार्डवयरका सञ्चालक साहलाई ४९ बोरा सिमेन्टसहित नियन्त्रणमा लिएर थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।
जनकपुरधाम उपनपा-४ माछाबजार स्थित चन्दन आईरण स्टोर्सका सञ्चालक चन्चलकुमार चौधरीलाई पनि बजार भाउ भन्दा बढि मुल्यमा सिमेन्ट विक्री गरेको आरोपमा गिरफ्तार गरेको छ ।
चौधरीले बजार भाउ भन्दा बढि मुल्यमा सिमेन्ट विक्री गरि रहेको अवस्थामा प्रहरी टोलीले निजको गोदाममा रहेको  शिवम् सिमेन्ट ३ सय ५० बोरा, मारूती सिमेन्ट २० बोरा, सगरमाथा सिमेन्ट ५० बोरा गरी जम्मा ४ सय २० बोरा बरामद गरि गोदाम र पसलमा रितपुर्वक सिल गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार ईलाका प्रहरी कार्यालय तथा जिल्ला ट्राफिक कार्यालयको समन्वयमा रौतहटको चन्द्रपुरको मुख्य चोकमा हात धुने व्यवस्था मिलाइएको छ । मुख्य चोकमा डिउटीमा बस्ने प्रहरी तथा बटुवालाई कोरोना महामारीबाट जोगिन सावधानीको रूपमा हात धुन सहज होस् भन्ने उद्देश्यले ठुलो ट्याङ्किमा पानि राखिएको ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहापुरका डिएसपी हेमबहादुर शाहीले बताउनु भयो ।
त्यसै गरी, नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य तथा प्रेस काउन्सिल नेपालका सदस्य गोविन्द प्रसाद चौलागाईले रौतहट तथा सर्लाहीका सञ्चारकर्मीहरूलाई स्वास्थ्य सुरक्षा सामग्री प्रदान गर्नु भएको छ । कोरोना भाइरस को माहामारी फैलिरहेको अवस्थामा निरन्तर नागरीकलाई सुचना तथा सन्देश प्रवाह गरेर महत्वपूर्ण भुमिका निर्वाह गरीरहनु भएका जिल्लाका सञ्चारकर्मीहरूलाई सदस्य चौलागाइले स्वास्थ्य सुरक्षा सामग्री प्रदान गर्नु भएको हो । सामग्रीमा स्यानिटाइजर, मास्क र ग्लोव्स रहेका छन् ।
त्यसै गरी, लकडाउनको अवधिमा भारतको युपिबाट रौतहटमा कोइला भित्रिएको विषयमा स्थानियले विरोध गरेका छन् । रौतहटको बृन्द्रावन नगरपालिका वडा नं. ९ भुषाहामा कोरोना सङ्क्रमित फेला परेका कारण सो वडालाई एक ईलाका बनाएर सील गरीएको अवस्थामा वैशाख २० गते साँझ करीब

४ बजेको समयमा भारतको फैजाबादबाट कोइला बोकेर आएका एक ट्रक सील गरेको एरियामा प्रवेश गरेपछि सो ट्रकलाई भुषाहाका स्थानियहरूले नियन्त्रणमा लिएर बिरोध गरेका हुन् ।
सिल गरीएको एरियाका मानिस आवतजावत गर्न नपाउने तर भारतबाट कोइला बोकेर आएका ट्रक सिल गरीएको एरियामा कसरी प्रवेश गरेको भन्दै स्थानियले प्रश्न उठाएका थिए । ***UP 20 AT 4209*** नम्बरको ट्रकलाई सिल गरीएको ईलाकामा प्रवेश गरेको भन्दै स्थानियले ट्रक नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका छन् । सो ट्रक चालकका अनुसार आफुलाई सिल गरीएको कुरा थाहा नभएको कारण प्रवेश गरेका बताएका छन् । भुषाहाका स्थानिय लकडाउन उल्लङ्घन गर्दै एक स्थानमा ३–४ सय मानिस भेला भएर सो ट्रक नियन्त्रणमा लिएका थिए । नियन्त्रणमा लिएको ट्रक कसरी सिल गरीएको ईलाकामा प्रवेश गरेको विषयलाई छानबिन गर्न स्थानियले प्रहरी सँग माग गरेका छन् । सिल गरीएको ईलाकामा भारतीय ट्रक यदि कसैले जानिजानि प्रवेश गराएको हो भने उनलाई कारवाही गर्न समेत माग स्थानियले गरेका छन् ।
ईलाका प्रहरी कार्यालय गरूडाका डिएसपी ज्ञानकुमार महत्तोले प्रवेश गराएकालाई छानबिन गरी कारवाही गर्ने प्रतिबद्धता जनाएपछि स्थानियले सो ट्रक ईलाका प्रहरी कार्यालय गरूडामा जिम्मा लगाएर छाडेका छन् । ट्रक अहिले ईलाका प्रहरी कार्यालय गरूडामा नियन्त्रणमा रहेको र सिल भएको एरियामा भारतीय ट्रक कसरी प्रवेश गरेका बारेमा अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय गरूडाका डिएसपी ज्ञान कुमार महत्तोले जनाएका छन् ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार जितपुरसिमरा उपमहानगरपालिका-१९ मा एक जना पुरूषमा कोरोनाको सङ्क्रमण भेटिएपछि शिल गरिएकाले समस्या भएपनि नगरपालिकाको कार्यालयले सहयोग नगरेको वैशाख २२ गते स्थानीय २३ वर्षीय सिपिकुमार कुशवाहाले बताउनु भएको छ । उहाँले वडाका सबै बासिन्दाहरूले उपमहानगरपालिका नगर प्रमुख कृष्ण पौडेलसँग वडामा सबैजनालाई खाना र बस्नको समस्या भएकाले वडाका नागरिकसँग नभएको खाद्य सामग्री र औषधिका लागि पहल गरिदिन अनुरोध गर्नु भएको छ । वडामा बस्दै आएका एक जनामा कोरोना भाईरसको सङ्क्रमण भएको पुष्टी भएर स्थानीय प्रशासनले वडालाई शिल गरेपछि नागरिकको घरमा धान भएपनी मिलमा जान सक्ने अवस्था नभएको बताउनु भएको छ । बैंकमा पैसा छ तर भोकै बस्नु पर्ने अवस्था आएको २८ वर्षीय हिरालाल कुशवाहाले बताउनु भएको छ ।
छिमेकी वडाहरूले समेत शङ्काको दृष्टीले हेरी रहेको अवस्था रहेको स्थानीय २२ वर्षीय शिवनारायण माझिले बताउनु भएको छ । शिल गरिएको वडामा जितपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख कृष्ण पौडेल, उप प्रमुख सरस्वती चौधरी, इन्सेकका जिल्ला प्रतिनिधि भोलानाथ पौडेल र समाजिक अभियान्ताहरूले मद्रसाको अवलोकन गरेको स्थानीय नागरिक सिपि कुमा कुहशवाहाले बताउनु भएको छ । शिल गरिएको वडाका बासिन्दा र समाजका अग्रज मुस्लिम व्यक्तीहरूलाई कोरोनाको प्रकोपमा धेर्य धारण गर्न, अनावशयक हल्लाको पछि नलाग्न सुझाव दिएको नगर प्रमुख कृष्ण पौडेले बताउनु भएको छ ।
मुस्लिम धर्मगुरूले कोरोना प्रकोपको रोकथाम गर्न जति दुःख कष्ट परेपनि सरकारले लागु गरेको लकडाउन पूर्णरूपमा पालना गर्न आग्रह गर्नु भएको छ ।
लकडाउनबाट प्रभावित ५० जना अति विपन्न घरपरिवारलाई राहत वितरण गरेको नेपाल परिवारदलका रामचन्द्र चौधरीले बताउनु भएको छ । प्रभावित परिवारलाई १५ किलो चामल, आधा किलो दाल, एक किलो नुन वितरण गरेको चौधरीले बताउनु भएको छ ।

नोवेल कोरोना भाइरस रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारले घोषणा गरेको लकडाउन वन्दका कारण देवताल गाउँपालिका नागरिक समस्यामा परेको गाउँपालिका अध्यक्ष चन्दनकुमार सिंहले वैशाख २२ गते बताउनु भएको छ । उहाँले स्वास्थ्य, शिक्षा, रोजगारि, आयआर्जनका क्षेत्रमा प्रभावित भएर समस्यामा परेकाले नागरिकका समस्या समाधान गर्नका लागि गाउँपालिकाको बैठक धेरै पटक बसेर सल्लाह गरेको बताउनु भयो । उहाँले गाउँपालिकाको कार्यालयले लकडाउन बन्द गरेको दिन ०७६ चैत ११ गते देखि गाउँपालिकामा रहेको एम्बुलेन्समा गाउँपालिकाको कार्यालयले चालक खर्च, तेल लगायतका सबै खर्च व्होर्ने र गाउँपालिकाका सबै नागरिकलाई स्वास्थ्य संस्थामा आउन जानका लागि निशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्ने निर्णय गरी निशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरेको बताउनु भएको छ । उहाँले एम्बुलेन्स सेवाकालागि कसैले पैसा लिएको भए नागरिकको पैसा फित्ता गर्ने र पैसा लिने ब्याक्तिलाई कारवाही गर्ने प्रतिवद्धता जनाउनु भएको छ ।

कोभिड-१९ रोकथाम र नियन्त्रण गर्नका लागि गाँउपालिकाको कार्यालयसँग कुनै बजेट नभएकाले रोग रोकथाम, नियन्त्रण र राहतका लागि अन्य गाउँपालिका, नगरपालिका र उपमहानगरपालिकाले धमाधम कार्ययोजना सार्वजनिक गरी राहत वितरण र रोकथामका प्रयास गरेकाले देवताल गाउँपालिकाले कसरी रोगसँग लड्ने भनी गाउँपालिकाको कार्यालयमा सल्लाहगर्दा निर्णयमा पुग्न नसकेको अवस्था रहेको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत राजिवकुमार यादवले बताउनु भयो । उहाँले गाउँपालिकाको कार्यालयमा आठ पटक सम्म बैठक बसी गाउँपालिकका अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यहरूको विचार आदान प्रदान गरी नागरिकका सुझाव, सल्लाह र गुनासो सबैजनाले मनन् गरी बैठकमा छलफल गरेको बताउनु भयो ।

उहाँले संघीय सरकार र प्रदेश सरकारको निर्देशनअनुसार सबै वडा कार्यालयबाट राहत वितरण गर्नका लागि कोरोना भइरस कोभिड -१९ अतिप्रभावित अपाङ्ग, दलित, अतिगरिव, बालबालिका, महिला र पुरूषको नाम सङ्कलन गरी वडा-१ का वडा अध्यक्ष पन्नालाल साहले १ सय ५० परिवारलाई राहत वितरण गरेको विवरण दिनु भएको बताउनु भएको छ । उहाँले वडा-२ का वडा अध्यक्ष रमेश प्रसाद यादवले ६ सय ४४ परिवारलाई राहत वितरण गर्नु भएको र वडा-३ का वडा अध्यक्ष अमरप्रसाद नेपालीले ३ सय ७७ परिवारलाई राहत वितरण गरेको विवरण वैशाख २२ गते दिनु भएको बताउनु भयो । वडा-४ का वडा अध्यक्ष मिश्रीलाल प्रसाद मलाहाले ३ सय ३० अतिविपन्न परिवारको विवरण सङ्कलन गरी गाउँपालिकाको कार्यालयमा पेश गरेर सबै नागरिकलाई वितरण गरी गाउँपालिकको कार्यालयलाई वैशाख २२ गते विवरण जानकारी गराएको बताउनु भएको छ ।

वडा-५ का वडा अध्यक्ष लखिन्द्रप्रसाद यादवले ३ सय ६१ परिवारको विवरण सङ्कलन भएको र उहाँहरूलाई सामाजिक दुरी कायम गरी घर घरमा गएर राहत वितरण गरी राहत पाएका नागरिकको विवरण गाउँपालिकाको कार्यालयलाई जानकारी गराएको बताउनु भयो । उहाँले प्रथम चरण राहत वितरण गर्न अन्य गाउँपालिकको तुलनामा केही दिन ढिलो भएपनि आफु सधैं नागरिकका साथमा रहेर आएका समस्या समाधान गरेकाले वडामा आएका समस्या समाधान गर्दै गएको बताउनु भयो ।

वडा-६ का वडा अध्यक्ष रामपुजन पंडित कुम्हारले वैशाख २२ गते सम्म २ सय परिवारलाई राहत वितरण गरेको बताउनु भएको छ । उहाँले १ सय १९ परिवारलाई राहत वितरण गर्न बाँकी रहेको वैशाख २२ गते बताउनु भएको छ । उहाँले राहत वितरण गर्नका लागि नाम सङ्कलन कार्य अति कठिन भएपनी नागरिकले सहयोग गरेकाले सफल भएको र केही ढिला भएकाले क्षमा गर्नका लागि वडाका नागरीकसँग आग्रह गरेको बताउनु भएको छ ।

गाउँपालिकका अध्यक्ष चन्दनकुमार सिंहले राहत वितरण कार्यको अनुगमन गर्न प्रमुख कार्यकारी अधिकृत राजिवकुमार यादव, गाउँपालिका उपाध्यक्ष रामपति देवीलगायतको टोलिले सबै गाँउमा पुगेको

बताउनु भएको छ । प्रमुख प्रशासकिय अधिकृत राजिवकुमार यादवले प्रथम चरण राहत वितरण कार्य यो सातामा समाप्त हुने भएकाले संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको समन्वय गरी दोश्रो चरणको तायरी, क्वारेन्टाइनको व्यवस्थापन, स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थाका समस्या समाधान गर्न पहल भइरहेको बताउनु भएको छ ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसी लामिछाने**का अनुसार कोरोना नेगेटिभ रिपोर्ट आएपछि नारायणी कोभिड अस्पतालबाट डिस्चार्ज गरिएका रौतहट जिल्ला इशनाथ नगरपालिकाका १९ वर्षीय युवक र भारतीय एकजना मुस्लिम धर्मप्रचारकमा पुनः कोभिड-१९ पोजेटिभ देखिएको छ ।
नारायणी कोभिड अस्पतालमा वैशाख १ गते भर्ना भएका ती युवक र अर्को एकजनाको तेस्रो र चौथो स्वाब परीक्षणको रिपोर्ट प्रादेशिक प्रयोगशाला हेटौंडाले नेगेटिभ देखाएको थियो । लगातार दुईपटक नेगेटिभ रिपोर्ट आएपछि उनीहरूलाई वैशाख १४ गते दिउँसो डिस्चार्ज गरिएको थियो ।
नारायणी अस्पतालमा तत्कालीन अवस्थामा तीन धर्मप्रचारक सहित ती युवक आइसोलेशन वार्डमा थिए । धर्मप्रचारकको पनि दोस्रो र तेस्रोपटकको रिपोर्ट नेगेटिभ आएको थियो । चारैजना एकै दिन अस्पतालबाट डिस्चार्ज भएका थिए । डिस्चार्ज भएका रौतहटका युवक र उनको परिवारका ११ जना सदस्यको स्वाब नमूना परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु पठाइएको थियो । उनको रिपोर्ट वैशाख २० गते साँझ ४ बजे आएको थियो । रिपोर्ट आएसँगै उनलाई सोही दिन राति ८:३० बजे रौतहटबाट नेपाली सेना र स्वास्थ्यकर्मीहरूको निगरानीमा एम्बुलेन्सबाट नारायणी कोभिड अस्पताल ल्याइएको थियो ।
नारायणी कोभिड अस्पतालका चिकित्सकहरूले नेगेटिभ रिपोर्ट आएर डिस्चार्ज गरिएका रौतहटका ती युवकको स्वाब रिपोर्ट पुनः पोजेटिभ आएको पुष्टि गरेका छन् । तर नारायणी कोभिड अस्पतालले यसको आधिकारिक पुष्टि गरेको छैन । ती युवा र धर्म प्रचारकलाई आइसोलेशन वार्डमा राखिएको अस्पतालले पुष्टि गरेको छ ।
**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**